मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७९/०३/२९)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं २०७९/८० च.नं. ३६३ को मिति २०७९/०३/२२ को पत्रानुसार यस मण्डनदेउपुर नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१–२०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थान : मण्डनदेउपुर नगरकार्यपालिकाको कार्यालय, महादेवस्थान, कुन्तावेशी, काभ्रेपलाञ्चोक,

३. दरखास्त दिने अन्तिम मिति: २०७९/०४/११

४. आवेदनको दस्तुर : रु ५००। (पाँच सय मात्र)

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- क) नागरिकता
- ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- ग) चारित्रिक प्रमाण पत्र
- घ) अनुभव भए सोको कागजात
- ङ) तालिमको प्रमाणपत्र
- च) २ प्रति पासपोर्ट फोटो

७. सेवा सुविध तथा अन्य: स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठयक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय (www.pmep.gov.np) तथा नगरपालिकाको वेवसाइट (www.mandandeupurmun.gov.np) मा उपलब्ध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत